नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

साउन/भदौ २०७६ (August 2019) वर्ष २३/अङ्क २६९

# परमेश्वरको परमेश्वरलाई नै देऊ

– पाष्टर बर्णबास श्रेष्ठ

धेरै यस्ता विषय छन् जो परमेश्वरका हुन् र हामीले सो कुराहरू आफ्नो हातमा लिएर आफ्नो खुशी गर्न हुँदैन ।

"यी चार कुराहरू नछुनु जो परमेश्वरका हुन्" । आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबाले धेरै अगाडि यो वचन ने.इ.म. ज्ञानेश्वरमा बाँड्नुभएको थियो ।

आज पनि यो हाम्रो मण्डलीहरूले बुझेर सोहीअनुसार गर्न आवश्यक छ । के हुन् ती चार कुराहरू जो हामीले नछुनु हाम्रो निम्ति असल छ ?

**१. परमेश्वरको महिमा**
**२. परमेश्वरको अभिशिक्त जन**
**३. परमेश्वरको पैसा**
**४. परमेश्वरको बदला लिने काम**

### १. परमेश्वरको महिमा

**"म परमप्रभु हुँ, मेरो नाउँ त्यही हो ! मेरो महिमा म अरूलाई दिनेछैन, अथवा मेरो प्रशंसा मूर्तिहरूलाई दिनेछैनँ"** (यशैया ४२:८) । यशैया ४८:११ **मेरो आफ्नै खातिर, मेरो आफ्नै खातिर म त्यो गर्दछु । म कसरी आफै बदनाम हुन दिन सक्छु ? मेरो महिमा म अरू कसैलाई दिनेछैनँ ।**

प्रायः जसो हामीहरू सबै जस लिने (क्रेडिट लिने) कुरा मन पराउँछौँ । मानिसहरूबाटको प्रशंसा खोज्छौँ । काम गरे पछि जस पाउनु असल कुरा हो तर जस पाउनको लागि र प्रशंसा पाउनको लागि मात्र काम गर्दछौँ भने त्यो गलत हुन्छ । हामी कति पटक हामीले गरेको कामको कुनै उल्लेख नगरेकोमा चित्त दुखाउँछौँ । मैले यति समयसम्म मण्डलीमा यस्तो काम सघाएँ, समय दिएँ, सेवा गरेँ तर कसैले देख्दैन, हाम्रो अगुवाहरूले हामीले गरेको देख्दै देख्दैनन्, कहिल्यै पनि सह्राना गर्दैनन् भन्ने गरेको सुन्दछौँ । त्यसैगरी अगुवाहरूले पनि, हामीले यसरी सेवा गरिरहेका छौँ, मण्डलीले देखेन वा बुझिदिएन, किन हामीले मात्र सधैँ अपजस पाउने, यत्तिका समयसम्म सेवा गरेर के पायौं र ? इत्यादि प्रश्न गर्नु कुनै नौलो कुरा होइन । तर हामीले गरेको काम र सेवाबाट उहाँलाई महिमा मिलेको छ भने हामी त्यसैमा खुशी हुनुपर्छ ।

हरेक सफलता पछि जस लिन (क्रेडिट लिन) हाम्रो होडबाजी चल्छ, फेसबूक लगायत, सामाजिक संजालहरूमा यत्रतत्र आफूले गरेका कामहरूको वर्णन र फोटोहरू देख्न पाइन्छ, तर के उहाँको आशिष्‌विना, उहाँले बुद्धि नदिनुभएको भए, उहाँले गर्ने शक्ति नदिनुभएको भए, उहाँले नजुटाउनुभएको भए, के हामी आफै ती सबै गर्न सक्छौँ ?

उहाँलाई दिनुपर्ने महिमा आफूले लिन खोज्नु मूर्खता हो र यसले पतन ल्याउँछ । जसरी लुसिफरले आफैलाई उच्च पार्न खोज्यो तब उसको पतनभयो । यशैया १४:१२-१५ मा यसरी लेखिएको छः **"ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस् ! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूईंमा तल खसालिइस् । तैँले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु । परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु । पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्‌को पर्वतमा म विराजमान हुनेछु । म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु ।" तर तँ चिहानसम्म, खाडलको तल्लो गहिराइसम्मै होच्याइस् ।"** लुसिफर आफैलाई उच्च पार्न कोशिश गऱ्यो, घमण्ड गऱ्यो तर त्यो तल खसालियो । इजकिएल २८:१७ **"तेरो सुन्दरताले गर्दा तेरो हृदय घमण्डले फुलियो, तैँले आफ्नो गौरवको कारण तेरो बुद्धिलाई भ्रष्ट पारिस् । यसैले मैले तँलाई जमीनमा फालिदिएँ । राजाहरूका अघि मैले तँलाई तमाशा बनाइदिएँ ।"** हितोपदेश ११:२ जब अहंकार आउँछ, तब अपमान पनि आइलाग्छ, तर नम्रताले बुद्धि ल्याउँछ ।

### २. परमेश्वरको अभिशिक्त जन

**"मेरो अभिषेक भएकाहरूलाई नछोओ र मेरा अगमवक्तहरूलाई केही हानी नगर"** (१ इतिहास १६:२२, भजनसंग्रह १०५:१५) ।

जुन व्यक्तिहरू परमेश्वरका कामको लागि अभिषेक गरिएकाहरू छन् उनीहरूलाई कुनै प्रकारले (सामाजिक, शारीरिक, मानसिक, आर्थिक) हानि गर्ने काम गर्न हुँदैन । त्यसो त अभिषेक पाएकाहरूले गल्ती नै गर्दैनन् भन्न खोजिएको पनि होइन, सुधारको लागि कोशिश् नगर्नु भनेको पनि होइन । तर हामी ती व्यक्तिहरूले गल्ती गर्दा उनीहरूको लागि प्रार्थना गर्नु भन्दा ज्यादा कुरा काट्ने, सुधारको सट्टा सिध्याउनेतिर लाग्छौं भने त्यो परमेश्वरको आज्ञाको विपरित हुन्छ ।

राजा दाऊदले अभिषिक्त जनलाई कुनै हानी नगरेको उदाहरण हामी १ शमूएल २४:६, १०, १२ र १ शमूएल २६: ९,११,२३ मा

| शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| साउन २५ August 10 | एल्डर अर्जुन ढकाल | डीकनेस् रश्मिला तामाङ्ग | पाष्टर अशोक मुखिया | श्रीमती रूथ प्रधान | श्री सुकराम तामाङ्ग | डीकन रूद्र राई | डीकन पुरुषोत्तम न्यौपाने |
| साउन ३२ August 17 | श्री विष्णु देउला | श्री राजु तामाङ्ग | एल्डर सामुएल क्षेत्री | श्री ध्रुब घिमिरे | पाष्टर बि.बि. खवास | डीकन बाबुराम के.सी. | श्री प्रकाश शर्मा |
| भदौ ७ August 24 | एल्डर सुरेश पुर्कुटी | श्री एलिजर तामाङ्ग | एल्डर बाग मान तामाङ्ग | पाष्टर रोबर्ट कार्थक | एल्डर श्रीलक्ष्मी सैंजु | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर दफ्तन सादा |
| भदौ १४ August 31 | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर मान बहादुर मगर | एल्डर पूर्ण सुनुवार | पाष्टर प्रेम श्रेष्ठ | डीकन सिमोन भण्डारी | एल्डर घनश्याम दाहाल | डीकन आमोश खालिङ |
| भदौ २१ September 7 | पाष्टर रोबर्ट कार्थक | श्री सरुष मान तामाङ्ग | एल्डर सिमोन पाठक | पाष्टर दफ्तन सादा | श्रीमती गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

पनि देख्न सक्दछौं । यो व्यक्तिको विषय भन्दा पनि अभिषेकको सम्बन्धमा हो ।

### ३. परमेश्वरको पैसा

मत्ती २२: २१ ........ **तब उहाँले तिनीहरूलाई भन्नुभयो , "यसकारण जे कैसरका हुन्, ती कैसरलाई देओ, र जे परमेश्वरका हुन् ती परमेश्वरलाई देओ ।"**

हुन त हामीसँग भएका जे जति छन् सबै उहाँबाट नै आएका हुन् र सबै उहाँकै हो र हाम्रा आवश्यकता उहाँले नै पूरा गरिदिनुहुन्छ । तर हामीले कमाएका पहिलो फल वा कमाइको पहिलो अंशले उहाँको आदर गर्नुपर्छ । दशौं भाग (दशांश) चाहिँ उहाँकै हो । धेरैको विचार यो व्यवस्थाको कुरा हो र नयाँ नियममा यो छैन । मत्ती २३:२३ मा **उहाँले फरिसीहरूलाई भन्नुभयो "तिमीहरूले दशांश दिने काम गर्नु नै पर्ने थियो र अरू गहकिला विषयको अवहेलना नगर्नुपर्ने थियो ।"** मलाकी ३:८-९ मा उहाँले भन्नुभयो, **"के कुनै मानिसले परमेश्वरलाई लुट्छ र ? तापनि तिमीहरू मलाई लुट्दछौ । तर तिमीहरू सोध्छौ, ...कसरी हामीले तपाईंलाई लुटचौं र ? "दशांशको भेटीमा । सराप परेर तिमीहरू श्रापित भयौ, किनकि तिमीहरूले मलाई लुटिरहेछौ तिमीहरू सम्पूर्ण जातिले ।"**

हामीले जब उहाँलाई लुटिरहेका हुन्छौं तब हाम्रो कमाइमा आशिष् रहेको हुँदैन । अनाज्ञाकारिता भनेको आशिष् चाहिँदैन भन्नु नै हो । जब हामीमा आशिष् हुँदैन तब हामीले कमाएका सबै चुहिएको भाँडामा राखे जस्तै हो । हाग्गै १:५-११ सम्म हेर्‍यौं भने हामी यो स्पष्ट लेखिएको पाउँछौ । उहाँ भन्नुहुन्छ **"अब सर्वशक्तिमान परमप्रभु यसो भन्नुहुन्छ, तिमीहरू आफ्ना-आफ्ना चालको होशियारीसाथ विचार गर । तिमीहरूले छर्न त धेरै नै छरेका छौ, तर थोरै मात्र कटनी गरेका छौ । तिमीहरू खान त खान्छौ, तर अघाउँदैनौ । तिमीहरू पिउन त पिउँछौ, तर तिमीहरूको तिर्खा मर्दैन । तिमीहरू लुगा त लगाउँछौ, तर न्यानो हुँदैनौ । तिमीहरू काम गरेर ज्याला कमाउँछौ, तर प्वाल परेको थैलीमा राख्छौ ।"**

### ४. परमेश्वरको बदला लिने काम

परमेश्वरले भन्नुभयो बदला लिने काम मेरो हो । व्यवस्था ३२:३५ **"बदला लिने काम मेरो हो, म नै बदला लिनेछु । हिब्रू १०:३० मा पनि यो लेखिएको छ, "किनकि प्रतिशोध लिने काम मेरो हो, प्रतिफल म दिनेछु" भन्नुहुनेलाई हामी चिन्छौं । रोमी १२:१७,१९ मा पनि भनिएको छ, कसैलाई खराबको सट्टा खराब नगर । ... प्रिय हो, आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ । किनभने लेखिएको छ, "बदला लिने काम मेरो हो, म नै बदला लिनेछु", परमप्रभु भन्नुहुन्छ ।**

राजा दाऊदले आफैले बदला लिने काम गरेनन् । उनले त्यो परमेश्वरको हो भन्ने जानेर उहाँको हातमा छोडिदिए र दोषी बनेनन् ।

१ शमूएल २६:८-११ **अबीशैले दाऊदलाई भने, "परमेश्वरले तपाईंको शत्रुलाई आज तपाईंको हातमा सुम्पिदिनुभएको रहेछ । भालाले घोचेर एकै खेपमा उनलाई भूईंमा रोपिदिने मलाई हुकुम दिनुहोस् । मैले दुई खेप हिर्काउनै पर्दैन ।" तर दाऊदले तिनलाई भने, "राजालाई केही हानी नगर । परमप्रभुका अभिषिक्त जनमाथि हात उठाउने कोचाहिँ निर्दोष हुन्छ ? दाऊदले अझै भने, "जीवित परमप्रभुको नाउँमा म भन्दछु कि परमप्रभु आफैले उनलाई मार्नुहुनेछ । कि त उनको काल आएर उनी मर्नेछन् अथवा लडाईंमा गएर उनी खतम हुनेछन् । तर मैले परमप्रभुका अभिषिक्तको विरुद्धमा हात कहिल्यै उठाउनु नपरोस् । अब उनको सिराननेर भएको भाला र पानीको सुराही लिएर जाऔं ।**

हामी पनि परमेश्वरका कुराहरूलाई छुने वा हाम्रो सुविधाअनुसार आफूलाई ठीक लागेअनुसार आफ्नो खुशी नगरेकै असल हो । हामी उहाँको उहाँलाई नै देऔं ।

## अगस्ट महिनाको कार्यक्रम

- भदौ १ गते/अगस्ट १८ तारिख आइतबार बिहान १०:०० बजे **नेइम कार्यकारिणीको बैठक** नेइम ललितपुर मण्डलीमा ।
- भदौ १ गते/अगस्ट १८ तारिख आइतबार बिहान १०:०० बजे **नेइम महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

## जानकारी

असार १४ गते/जुन २९ तारिख र साउन ११ गते/जुलाई २७ तारिख शनिबार नेइम जोरपाटी मण्डलीमा २ जनाले समर्पण गर्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| **साउन २५** August 10 | श्री लेखनाथ पौडेल | अतिथि बक्ता | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा गोंगबूँ चर्चमा** | एल्डर सिमोन खालिङ |
| **साउन ३२** August 17 | श्री पदम पोखरेल | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा नेइम जोरपाटी मण्डलीमा** | | | | डीकन जिल्बर्ट मिशो | पाष्टर बर्णबास श्रेष्ठ | डीकनेस् नविना लिम्बू |
| **भदौ ७** August 24 | श्री आनन्द न्यौपाने | एल्डर दानियल सापकोटा | श्री कृष्ण श्रेष्ठ | डीकन पेशल राई | श्री अमृत लामा | डीकन पासाङ्ग तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | श्री लेखनाथ पौडेल | श्री चन्द्र मोक्तान |
| **भदौ १४** August 31 | एल्डर सीता गुरुङ्ग | अतिथि बक्ता | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर सिमोन पाठक | पाष्टर कर्ण तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ |
| **भदौ २१** September 7 | श्री ध्रुब घिमिरे | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर राजु श्रेष्ठ | **संयुक्त सेवा धापासी चर्चमा** |

## हार्दिक बधाई



आषाढ २५ गते/जुलाई १० तारिख बुधबार नेइम पनौती मण्डलीकी सदस्य **सुश्री बसन्ती सुर्खेती** र बचन मण्डली, पनौतीको सदस्य **श्री सुनिल सुर्खेती**को पवित्र विवाह नेइम पनौती मण्डलीमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **सुनिल** र **बसन्ती सुर्खेती**लाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ २९ गते/जुलाई १४ तारिख आइतबार नेइम गोंगबूँ मण्डलीकी सदस्य **सुश्री जानुका पुडासैनी** र पुनरुत्थान मण्डली, धादिङ्गको सदस्य **श्री दीपक सेढाइ**को पवित्र विवाह नेइम गोंगबूँ मण्डलीमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **दीपक** र **जानुका सेढाइ**लाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

## विशेष प्रार्थना

१. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइ र शक्तिमा बोझसाथ लागि पर्न सकून् ।

२. अन्धकारका शक्तिका अधार्मिक कामहरू भ्रष्टाचार, लागु पदार्थ दुर्व्यशन, देह व्यापार, अपहरण, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूका विरुद्धमा प्रार्थना गरौं ।

३. अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

४. झरी वर्षाको समयमा प्राकृतिक प्रकोप, बाढी पहिरोको कारण आइपर्ने विपत्तिबाटको सुरक्षा साथै मौसम परिवर्तनको कारण देखिने सबै किसिमका रोगबिमारहरूको विरुद्धमा प्रार्थना गरिदिऔं ।

५. मण्डलीका विश्वासीहरू प्रार्थना, वचन पढाइ, प्रशंसा, सुसमाचार प्रचारको काममा इमान्दारी हुन सकून् साथै प्रभुको दोस्रो आगमनको तयारीको लागि पनि तयार हुन सकून् ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुका जनहरूको निम्ति प्रार्थना गरिदिऔं ।

७. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

८. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै साथै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

९. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

१०. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैको मुक्तिको सुसन्देशको निम्ति असल साक्षी र गवाही बन्न सकून् भनी प्रार्थना गरिदिऔं ।

११. नेइमअन्तर्गतका छोरी मण्डलीहरू, शाखा आवद्ध मण्डलीहरू, सानो ठूला संगति झुण्डहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको लागि प्रार्थना गरिदिऔं साथै यी मण्डली तथा संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | १९ 4<br>नेपाल देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि बल, साहस र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>यूहन्ना १५:१६, २ कोरिन्थी ३:४-६ | २६ 11<br>नेपालमा रहेका सबै विश्वासीहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>भजनसंग्रह १:१-६, कलस्सी २:६-७ | १ भदौ 18<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ | ८ 25<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ पवित्र आत्माको सहायतामा सधैँ हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:१९-२४ | १५ September 1<br>ख्रीष्ट प्रभुबाटको मुक्ति र सित्तैंको उद्धारको सुसमाचार सुन्नुभएकाहरू साथै सुनी ग्रहण गर्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>गलाती ४:१-७ |
| **सोमबार**<br>**Monday** | २० 5<br>देशको वर्तमान परिस्थितिको निम्ति प्रार्थना गरिदिऔं ।<br>भ.सं. ३७:१-११, १ तिमोथी २:१-५ | २७ 12<br>मण्डलीमा भइरहेको बिहानको प्रार्थना सभाहरू साथै अन्य ठाउँहरूमा पनि भइरहेको प्रार्थना सभाहरूमा अझ जागृति मागौं ।<br>१ पत्रुस ३:१२ | २ 19<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | ९ 26<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>यशैया ५७:१४-१९ | १६ 2<br>हाम्रा छोराछोरीहरूले स्कूल, कलेज, काम गर्ने ठाउँहरूमा ठीक साथी बनाउन सकून् साथै असल साक्षीद्वारा प्रभुमा डोऱ्याउन सकून् ।<br>हितोपदेश १३:२०, १ पत्रुस २:१२ |
| **मंगलबार**<br>**Tuesday** | २१ 6<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रही परमेश्वरको वचनअनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>भजनसंग्रह ११९:१०५ | २८ 13<br>मण्डलीका सबै विश्वासीहरू सधैँ प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | ३ 20<br>रोगी-बिरामी, चिन्ता-फिक्री, अभाव, घटी-कमी, ऋण, मुद्दा-मामिला साथै अन्य समस्याहरूमा परेकाहरूका निम्ति प्रार्थना गरिदिऔं ।<br>भ.सं.१२१:१-८, याकूब ५:१३ | १० 27<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनका निम्ति सबै जना बोझसहित लागिपर्न सकौं ।<br>कलस्सी १:२६, ३:१६ | १७ 3<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार**<br>**Wednesday** | २२ 7<br>नेइमका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>भ.सं.७८:७०-७२,हितो. २७:२३ | २९ 14<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>लूका २४:१३-१६, ३०-३५ | ४ 21<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ११ 28<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथी-हरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | १८ 4<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्य-हरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ |
| **बिहीबार**<br>**Thursday** | २३ 8<br>बाल संगतिका सबै बाल बालिकाहरू साथै जवानहरूको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश २३:१२-१६, १९,२२-२५ | ३० 15<br>नेइमका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर भएर जिउन सकून् ।<br>मत्ती ५:१३-१६, १ पत्रुस २:११-१२ | ५ 22<br>प्रत्येक परिवारमा श्रीमान्/श्रीमती, छोराछोरी र बाबु आमाबीचको असल सम्बन्धले ख्रीष्ट प्रभुलाई महिमा दिन सकून् ।<br>भजनसंग्रह ११५:९-१५ | १२ 29<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४,४९:१५-१६ | १९ 5<br>सबै जवानहरूले आफ्नो सारा भरोसा परमेश्वरमा राखेर जिउन सकून् ।<br>भ.सं.३२:८-९, यर्मिया २९:११-१३ |
| **शुक्रबार**<br>**Friday** | २४ 9<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १४:२६, १ पत्रुस ४:११ | ३१ 16<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | ६ 23<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२, तीतस २:११ | १३ 30<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | २० 6<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैँ आत्माको तयारीमा आउन सकौं ।<br>भ.सं.९६:१-१०, यूहन्ना ४:२३-२४ |
| **शनिबार**<br>**Saturday** | २५ 10<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८, २७:४ | ३२ 17<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>यशैया ५१:११-१२ | ७ 24<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>१ पत्रुस १:१५-१६ | १४ 31<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित १:८, २:४२-४७ | २१ 7<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |

**"तेरो विरुद्धमा बनाइएको जुनसुकै हतियारले पनि तँलाई जित्न सक्नेछैन, र तँलाई दोषी ठहराउने हरेक जिब्रोलाई तैंले नै दोषी ठहराउनेछस् । योचाहिँ परमप्रभुका दासहरूको पैतृक सम्पतिको हक हो र मबाट तिनीहरूको दोषरहितको प्रमाण यही हो," परमप्रभु घोषणा गर्नुहुन्छ ।**

**यशैया ५४:१७**